गुन्मा प्रिफेक्चर

# जान्न आवश्यक
## नयाँ कोरोनाभाइरस COVID-19 XBB ओमिकोरोन-लक्ष्यीकरण भ्याक्सिन शटहरू

खोप किन आवश्यक छ?

### डिसेम्बरको अन्त्यदेखि जनवरीसम्म नयाँ कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या बढ्दै गएको

डिसेम्बरको अन्त्यदेखि जनवरीसम्म, नयाँ कोरोनाभाइरसबाट बिरामी हुनेको संख्या बढ्दै गएको छ। नयाँ कोरोनाभाइरस खोपमा नयाँ कोरोनाभाइरसबाट हुने रोगका लक्षणहरूलाई अझ खराब हुनबाट रोक्न सक्ने क्षमता छ।यसले ज्वरो र खोकी जस्ता लक्षणहरू रोक्न प्रभाव पारेको छ। हाल, ओमिक्रोन स्ट्रेन (XBB.1.5) सँग मिल्दो नयाँ खोपको इंजेक्शन भर्खरै सुरु हुँदैछ।

※ओमिक्रोन स्ट्रेन (XBB.1.5) एक प्रकारको कोभिड-१९ भाइरस हो। धेरै मानिसहरू बिरामी छन्। यो रोग लाग्न सजिलो छ, हामी सतर्क रहनुपर्छ किनभने यो अत्यधिक संक्रामक छ।

| | |
|---|---|
| को योग्य छ? | पछिल्लो भ्याक्सिन लगाएको ३ महिना भन्दा बढी बितिसकेका व्यक्ति<br>※जन्मेको ६ महिनादेखि ४ वर्षसम्मका व्यक्तिहरूका लागि, तेस्रो पटकसम्म।<br>5 वर्ष भन्दा माथिका मानिसहरूले दोस्रो भ्याक्सिन लगाएको हुनुपर्छ। |
| लागत | नि:शुल्क ¥ 0 |
| अवधि | सेप्टेम्बर 20, 2023 देखि मार्च 31, 2024 सम्म |
| स्थान | तपाईं बस्नुहुने सहर /गाउँको कार्यालयले तोकेकोस्थान र अस्पतालहरूमा |




खोप को फाइदा के हो?

### नयाँ खोप पहिलेका खोपहरू भन्दा बढी प्रभावकारी छ।

नयाँ XBB मिल्दो खोपको सुईमा ओमिक्रोन स्ट्रेन (XBB.1.5) हरू समावेश छन्, त्यसैले यो नयाँ कोरोनाभाइरसलाई अझ खराब हुन वा बिरामी हुनबाट जोगाउन अघिल्लो खोपहरू भन्दा बढी प्रभावकारी हुने अपेक्षा गरिएको ।

के अर्को खोपपनि प्रयोग गर्न हुन्छ?

### अहिलेसम्म दिइएका खोपहरू र अन्य कम्पनीका खोपहरू सुरक्षित छन।

XBB ओमिक्रोन खोप तपाइँको अघिल्लो खोप भन्दा फरक निर्माताबाट आउन सक्छ।

के सुई सुरक्षित छ?

## प्रतिकूल प्रतिक्रियाहरू अहिले सम्मका खोपहरू जस्तै लगभग समान छन्।

# फाइजर भ्याक्सिन र मोडर्ना भ्याक्सिन दुवैका साइड इफेक्टहरू पहिलेका खोपहरू जस्तै लगभग समान छन्।

- कोरोना भाइरस सङ्क्रमित भएका व्यक्तिहरूले पनि XBB खोपको सुई लगाउ ।
- सुई लगाएपछि पनि कोरोना भाइरसको संक्रमणबाट बच्न सावधानी अपनाउने ।
- कृपया आफ्नो वरपरका मानिसहरूलाई जबरजस्ती इंजेक्शन लिन नलगाउ।
- सुई नलगाएका मानिसहरूलाई भेदभाव नगर्नुहोस

दि तपाइँसँग कुनै प्रश्नहरू छन् भने, कृपया हामीलाई कल गर्नुहोस् र सोध्नुहोस् (फोन सशुल्क )।

| | |
|---|---|
| खोप टिकट बारे<br>स्थान/अस्पताल बुकिङ्ग, आदि। | तपाईंको स्थानीय सहर/नगर/गाउँ हल कार्यालय |
| खोप बारे<br>इंजेक्शन पछि लक्षण, आदि। | गुन्मा कोरोना भ्याक्सिन डायल<br>०५७०-७८३-९१० (२४ घण्टा, १९ भाषाहरू) |
| अन्य परामर्श | गुन्माकेन विदेशी निवासी परामर्श केन्द्र वन स्टप सेन्टर<br>०२७-२८९-८२७५<br>सोमबार-शुक्रबार (9:00-17:00) 6 भाषाहरूमा |
| खोप बारे विस्तृत जानकारी | स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय गुन्मा प्रिफेक्चर |